# तेस्रो बागमती प्रदेश खेलकुद सञ्चालन कार्यविधि, २०८२

प्रस्तावनाः

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "**तेस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिता**" शिर्षकमा विनियोजित बजेट व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा (११) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "तेस्रो बागमती प्रदेश खेलकुद सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले प्रदेश खेलकुद विकास नियमावली, २०७६ सम्झनु पर्छ।

(ग) "प्रतियोगिता" भन्नाले परिषदले यस कार्यविधि बमोजिम आयोजना गर्ने प्रदेशस्तरको जुनसुकै खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि गठन गरिने दफा १३ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश सभा" भन्नाले बागमती प्रदेश सभालाई सम्झनु पर्छ।

(च) "उपसमिति" भन्नाले दफा १६ बमोजिम गठित उपसमितिलाई सम्झनु पर्छ।

## परिच्छेद- २

## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) खेलकुदलाई जनस्तरसम्म खेल जागरण अभियानको रूपमा विकसित गराउनु,

(ख) स्थानीय, जिल्ला र प्रदेश प्रतियोगिताको माध्यमबाट तहगत रुपमा उत्कृष्ट खेलाडीहरूको पहिचान र संरक्षण गर्नु,

(ग) प्रतिभाशाली खेलाडीहरूको छनोट गरी प्रशिक्षण सञ्चालन गर्नु,

(घ) युवाहरूलाई खेलकुदप्रति आकर्षित गरी खेल संस्कृतिको विकास गर्नु,

(ङ) राष्ट्रिय प्रतियोगितामा प्रदेशको सहभागिताका लागि खेलाडी छनोट गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाउनु,

(च) जिल्ला तथा प्रदेशस्तरमा खेल पूर्वाधार निर्माण एवम् मर्मत गरी प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्नु।

## परिच्छेद- ३

## खेल तथा खेलाडी छनोट र प्रतियोगिताको स्वरुप

४. प्रतियोगिताको स्वरुपः प्रदेश खेलकुद प्रतियोगिताको स्वरुप स्थानीय तहस्तरीय प्रतियोगिता वा छनोट, जिल्ला प्रतियोगितामार्फत छनोट र प्रदेश प्रतियोगिता गरी प्रदेश विजेता छनोट गर्ने गरी सम्पन्न गरिनेछ।

५. स्थानीय प्रतियोगिताः स्थानीय तहले प्रतियोगिता वा छनोटमार्फत उत्कृष्ट तथा प्रतिभाशाली खेलाडीहरूको टिम तयार गरी जिल्ला प्रतियोगितामा सहभागी गराउनु पर्नेछ। स्थानीय तहस्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६. जिल्ला प्रतियोगिताः (१) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित जिल्ला खेलकुद विकास समितिमार्फत हुनेछ। जिल्लास्तरमा प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय, शिक्षा हेर्ने निकाय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, प्रदेश प्रहरी, लगायतका निकायसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ। स्थानीय तहबाट छनोट प्रतियोगिता हुन नसक्ने खेलको हकमा जिल्ला खेलकुद विकास समितिले सूचना प्रकाशन गरी सिधै जिल्ला छनोट गर्न सक्नेछ।

(२) जिल्ला खेलकुद प्रतियोगिता सञ्चालनार्थ प्राप्त हुने अनुदान रकम जिल्ला खेलकुद विकास समितिले देहायका विषयमा खर्च गर्नुपर्नेछः-

(क) खेल सामाग्री खरिद,
(ख) खेल मैदान मर्मत,
(ग) निर्णायक तथा अफिसियल भत्ता,
(घ) बन्द प्रशिक्षण सञ्चालन,
(ङ) खेल पोशाक खरिद,
(च) खाजा तथा खाना खर्च,
(छ) मसलन्द व्यवस्थापन,
(ज) अन्य भैपरी खर्च।

माननीय उर्मिला नेपाल
मन्त्री
खेलकुद मन्त्रालय

(३) जिल्ला प्रतियोगितामा सहभागी भएका टिम प्रतिष्पर्धातर्फ विजयी टिमका साथै सहभागी अन्य टिमका प्रतिभाशाली खेलाडी तथा व्यक्तिगत प्रतिस्पर्धातर्फका विजयी खेलाडी समेतलाई समावेश गरी उत्कृष्टताको आधारमा जिल्ला टिम तयार गरी प्रदेश प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको खेलाडीको टिम तयार गर्न देहाय बमोजिमको खेलाडी छनोट समिति रहनेछः-

(क) अध्यक्ष, जिल्ला खेलकुद विकास समिति -संयोजक

(ख) संयोजकद्वारा मनोनित सम्बन्धित खेलको सिनियर प्रशिक्षक एक जना -सदस्य

(ग) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख -सचिव

(५) जिल्लास्तरीय प्रतियोगितास्थल छनोट गर्दा जिल्ला खेलकुद विकास समितिले परिषद्सँग समन्वय गर्नु पर्नेछ।

७. **प्रदेश प्रतियोगिताः** (१)प्रदेशमा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन परिषद्बाट हुनेछ।

(२) प्रदेशस्तरमा प्रतियोगिता सञ्चालन गर्दा प्रतियोगिता सञ्चालन हुने जिल्लाको जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, प्रदेश प्रहरी, शिक्षा हेर्ने निकायको प्रदेशस्तरीय कार्यालयसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ।

८. **प्रतियोगिता सञ्चालन समयसीमा र टिम छनोटः** (१) समितिले प्रतियोगितामा समावेश हुने खेलको संख्या निर्धारण गरी स्थानीय तहस्तरीय र जिल्लामा खेल सञ्चालन हुने समयसीमा तोक्नु पर्नेछ।

(२) उपदफा (१) को समयसीमाभित्र स्थानीय तहले प्रतियोगिता वा छनोट गरी जिल्ला प्रतियोगिताको लागि र जिल्ला खेलकुद विकास समितिले प्रतियोगितामार्फत टिम तयार गरी प्रदेश प्रतियोगिताका लागि पठाउनु पर्नेछ।

९. **खेलाडी दर्ताः** जिल्ला तथा प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरूको नाम दर्ताका लागि समितिले तोकेको मितिभित्र जिल्ला खेलकुद विकास समितिमार्फत उपलब्ध गराईने अनुसूची-१ बमोजिमको दर्ता फाराम भरी जिल्ला प्रतियोगितामा सहभागी हुनेको हकमा जिल्ला खेलकुद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेको हकमा परिषद्लाई उपलब्ध गराउनु पर्नेछ।

१०. **मूल आयोजक समितिः** प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न देहाय बमोजिमको एक मूल आयोजक समिति रहनेछ ।

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापति वा सभापतिले तोकेको समितिको सदस्य -सदस्य

(ग) प्रदेश नीति तथा योजना आयोगका खेलकुद हेर्ने सदस्य -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) खेल आयोजनास्थलको सम्बन्धित स्थानीय तहका प्रमुख -सदस्य

(च) परिषद्का सदस्य -सदस्य

(छ) प्रतियोगितामा समावेश हुने खेलका प्रदेश खेल संघका अध्यक्ष -सदस्य

(ज) उद्योग व्यापार क्षेत्रका संस्थाका प्रमुख -सदस्य

(झ) सदस्य-सचिव, परिषद् -सचिव

११. <u>अनुगमन तथा मूल्याङ्कन समितिः</u> प्रदेशस्तरीय प्रतियोगिता अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सभाका खेलकुद हेर्ने विषयगत समितिका सभापति -सदस्य

(ग) प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभाका सदस्य -सदस्य

(घ) सचिव, मन्त्राल -सदस्य

(ङ) प्रतियोगिता आयोजनास्थलका स्थानीय तहका प्रमुख -सदस्य

(च) सदस्य-सचिव, परिषद् -सचिव

१२. <u>अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u> अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको समग्र अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने,

(ख) प्रतियोगितालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि समितिलाई मार्गदर्शन गर्ने,

(ग) समिति तथा उपसमितिलाई आवश्यक निर्देशन दिने,

(घ) प्रतियोगिता आयोजनाको सन्दर्भमा प्रदेश अन्तर्गतका निकाय तथा स्थानीय तहसँग समन्वय गर्ने।

१३. <u>समितिः</u> (१) प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) सदस्य सचिव, परिषद् -संयोजक

(ख) कार्यालय प्रमुख, परिषद् -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(घ) प्रमुख, प्रशासन शाखा, परिषद् -सदस्य

(ङ) संयोजकले तोकेको खेल विज्ञ २ महिला सहित चार जना -सदस्य

(च) प्रमुख, तालिम तथा खेलकुद प्रतियोगिता शाखा, परिषद् -सदस्य-सचिव

(२) समितिको बैठकमा प्रतियोगितासँग सम्बन्धित व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

१४. <u>समितिको काम कर्तव्य र अधिकार</u>: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भौतिक पूर्वाधार तयारी, प्रशिक्षण, प्रतियोगिताको स्वरूप निर्धारण, प्रोत्साहन, पुरस्कार तथा अन्य समग्र पक्षको व्यवस्थापन

(ख) प्रतियोगिताको स्थान, समय र ढाँचा निर्धारण गर्ने,

(ग) परिषद् मातहतका खेल पूर्वाधार उपलब्ध नभएको वा मर्मत हुँदै रहेको अवस्थामा अन्य निकायसँग आवश्यक समन्वय गरी अन्य क्षेत्रको पूर्वाधार समेत प्रयोग गर्ने,

(घ) आवश्यकता अनुसार सम्बन्धित संघ वा प्रतिनिधिको सिफारिसमा सम्बन्धित खेलाडी, विज्ञ वा प्राविधिकको सल्लाह र समन्वयमा खेलाडीलाई बन्द प्रशिक्षणमा राखे,

(ङ) प्रतियोगितामा सहभागी हुने जिल्ला टिमको ड्रेस कोड निर्धारण गर्ने,

(च) प्रतियोगिता सञ्चालनका लागि प्राविधिक समितिको सिफारिसमा निर्णायक छनोट गर्ने,

(छ) खेलसँग सम्बन्धित संघ संस्थासँग खेलकुद गतिविधिमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(ज) स्वीकृत बजेटको परिधिभित्र रही प्रतियोगिता सम्पन्न गर्नका लागि शीर्षकगत बजेट बाँडफाँट गरी खर्च गर्ने,

(झ) प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि स्वयंसेवक परिचालन गर्ने,

(ञ) प्रतियोगिताका विजयी खेलाडीका लागि मेडल, ट्रफी, प्रमाणपत्र लगायतका विषयमा निर्णय गर्ने,

(ट) परिषद्ले तोकेका एवम् प्रतियोगितासँग सम्बन्धित अन्य भैपरी आउने कार्य गर्ने।

१५. <u>समितिको बैठक</u>: समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र स्थानमा बस्नेछ।

१६. <u>उपसमितिः</u> (१) प्रदेशस्तरीय खेलकुद प्रतियोगिता व्यवस्थित रुपमा सञ्चालन गर्न समिति मातहत रहने गरी उपसमितिको कार्यक्षेत्र तथा सर्त तोकी देहाय अनुसार उपसमिति गठन गरी कार्य गराउन सक्नेछः-

(क) समारोह तथा प्रचारप्रसार उपसमिति,

(ख) खेलस्थल छनोट उपसमिति,

(ग) बसोबास तथा यातायात व्यवस्थापन उपसमिति,

(घ) अनुशासन तथा सुरक्षा प्रबन्ध उपसमिति,

(ङ) खेल सामग्री तथा पोशाक व्यवस्थापन उपसमिति,

(च) स्वास्थ्य उपसमिति।

(२) उपदफा (१) बमोजिमको समारोह तथा प्रचारप्रसार उपसमितिमा संयोजकसहित बढिमा नौ सदस्यीय र अन्य प्रत्येक उपसमितिमा संयोजकसहित बढीमा पाँच सदस्यीय हुनेछ।

(३) उपसमितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर गरेका निर्णय एवम् कार्यको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।

## परिच्छेद- ४

## <u>प्राविधिक समिति</u>

१७. <u>प्राविधिक समितिः</u> (१) प्रतियोगितामा समावेश भएका प्रत्येक खेलको लागि सदस्य-सचिवद्वारा मनोनित देहाय बमोजिमको तीन सदस्यीय प्राविधिक समिति रहनेछः-

(क) सम्बन्धित खेलको विज्ञ/पदाधिकारी -संयोजक

(ख) सम्बन्धित खेलको अन्तर्राष्ट्रिय निर्णायक -सदस्य

(ग) खेल प्राविधिकहरू मध्येबाट एक जना -सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिले दफा १८ बमोजिमको कार्य गर्न नसकेको अवस्थामा सदस्य-सचिवले अर्को प्राविधिक समिति गठन गरी कार्य गराउन सक्नेछ।

१८. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतियोगिताको क्रममा आएका खेलसम्बन्धी विवाद समाधान गर्ने,

(ख) समितिलाई खेल तथा प्रतियोगिता सम्बन्धी राय सुझाव दिने,

(ग) खेलाडी तथा प्राविधिक कोटा निर्धारण गरी समितिलाई सिफारिस गर्ने,

(घ) समितिलाई अन्य प्राविधिक सहयोग गर्ने।

परिच्छेद- ५

आर्थिक व्यवस्थापन

१९. रकम निकासा तथा खर्चः प्रतियोगिताका सहभागी र निर्णायकको भत्ता तथा अन्य शीर्षकमा रकम खर्च गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जिल्ला प्रतियोगिताको हकमा जिल्ला खेलकुद विकास समितिको स्वीकृति लिई खर्च गर्नुपर्नेछ।

(ख) प्रदेश खेलकुद प्रतियोगिताको हकमा परिषद्का सदस्य सचिव वा निजले अधिकार प्रत्यायोजन गरेको पदाधिकारी वा कर्मचारीको स्वीकृति लिइ खर्च गर्नुपर्नेछ।

(ग) जिल्ला प्रतियोगिता सञ्चालनका लागि आवश्यक स्वीकृत बजेट समितिले सम्बन्धित जिल्लालाई उपलब्ध गराउनेछ।

(घ) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाई परिषद्बाट स्पोर्टस किट्स वा सो बराबरको नगद रकम उपलब्ध गराइनेछ।

(ङ) प्रतियोगिताका लागि निकासा भएको रकमको बिल भरपाई प्रतियोगिता समाप्त भएको पैतिस दिनभित्र सम्बन्धित उपसमितिले समितिमा पेश गर्नुपर्नेछ। जिल्लाको हकमा फछ्यौंट गर्ने गराउने जिम्मा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष र सचिवको हुनेछ।

(च) प्रतियोगिताको सञ्चालन गर्दा बजेट शीर्षक भित्र रही खर्च गर्नुपर्नेछ तर कुनै कारणबश कुनै उपशीर्षकमा बजेट नपुग भई खर्च नगरी नहुने अवस्था आइपरेमा अन्य उपशीर्षकमा भएको बचत रकमबाट समितिको स्वीकृती लिइ बजेट थपघट गरी खर्च गर्न सकिनेछ।

(छ) प्रतियोगिता अवधिभित्र कुनै आकस्मिक घटना भई प्रतियोगिताका लागि छुट्याइएको रकम नपुग भइ कार्य गर्न नसकिने अवस्था भएमा समितिले निर्णय गरी परिषद्मा रकमका लागि अनुरोध गर्नुपर्नेछ।

२०. भत्ता तथा अन्य सुविधाः (१) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, टिम मेनेजर, निर्णायक, अफिसियल र पदाधिकारीलाई दफा २१ बमोजिमको खर्चको मापदण्ड अनुसारको दैनिक भत्ता तथा सुविधा उपलब्ध गराइनेछ तर जिल्ला प्रतियोगिताको हकमा जिल्लाले नै व्यवस्था गर्नुपर्नेछ।

(२) प्रदेशस्तरीय प्रतियोगिता तथा प्रशिक्षण अनुगमन गर्नेलाई प्रचलित कानून बमोजिम दैनिक भत्ता दिइनेछ।

(३) स्थानीय सहभागीलाई प्रतियोगिता सुरु भएको दिनदेखि आफ्नो टिमको प्रतियोगिता अवधिसम्म दैनिक खाना तथा बसोवास खर्च दिइनेछ भने अन्य जिल्लाका सहभागीलाई बाटोको लागि लाग्ने दिनको समेत खाना तथा बसोवास खर्च दिइनेछ।

(४) कुनै पनि सहभागीलाई दोहोरो पर्ने गरी दैनिक भत्ता दिइने छैन।

(५) प्रदेशस्तरीय प्रतियोगिताको लागि आवश्यक खरिद सम्बन्धी कार्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(६) प्रदेशस्तरीय प्रतियोगिताको लागि गठित विभिन्न उपसमितिका पदाधिकारीका नाममा पेश्की लिई सम्बन्धित उपसमितिले तोकिएको कार्य गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम लिएको पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्नेछ ।

२१. <u>खर्चको मापदण्ड:</u> (१) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खेलाडीलाई प्रशिक्षण दिन जाँदा स्वीकृत भ्रमण आदेशका आधारमा प्रचलित कानून अनुसार दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ।

(२) प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियल तथा निर्णायकलाई खेल अवधिभर दैनिक दुई हजार रुपैयाँको दरले खाना तथा बसोवास खर्च उपलब्ध गराइनेछ।

(३) जिल्ला प्रतियोगिता पश्चात प्रदेशस्तरीय प्रतियोगिताको बन्द प्रशिक्षणमा समावेश हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक, अफिसियल तथा निर्णायकलाई दैनिक दुई हजार रुपैयाँको दरले खाना तथा बसोवास खर्च उपलब्ध गराइनेछ।

(४) प्रदेशस्तरीय प्रतियोगितामा निर्णायक भई काम गर्ने अन्तर्राष्ट्रिय निर्णायकलाई काम गरेको दिनको खाना तथा बसोवास र भ्रमण खर्चका अतिरिक्त एक हजार पाँच सय रुपैयाँ र अन्य निर्णायकलाई एक हजार रुपैयाँमा पन्ध्र प्रतिशत कर कट्टी गरी प्रदान गरिनेछ।

(५) अनुगमन निरीक्षणमा जाने पदाधिकारी तथा कर्मचारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा प्रचलित कानून बमोजिम दैनिक तथा भ्रमण खर्च उपलब्ध गराइनेछ।

(६) प्रदेशस्तरीय प्रतियोगिताका लागि गठित समिति र उपसमितिको बैठकका सहभागीले नियमानुसार बैठक भत्ता पाउनेछन्।

(७) प्रतियोगिताको दौरानमा कार्यालय समय अतिरिक्त तीन घण्टाभन्दा बढी काममा खटिने पदाधिकारी तथा कर्मचारीलाई सार्वजनिक विदा बाहेकमा प्रतिव्यक्ति प्रतिदिन चार सय रुपैयाँका दरले रकम उपलब्ध गराउने र सार्वजनिक विदाको हकमा प्रतिव्यक्ति प्रतिदिन छ सय रुपैयाँका दरले रकम उपलब्ध गराइनेछ ।

(८) प्रदेशस्तरीय प्रतियोगिताका लागि आयोजनास्थलमा स्वयंसेवक आवश्यक भएको व्यहोरा प्राविधिक समितिबाट निर्णय गराई प्रतियोगिता समाप्त भएको भोलिपल्ट देखि स्वतः नरहने गरी परिषदले स्वयंसेवकको रुपमा प्रत्येक खेलमा प्रतिदिन पाँचदेखि पन्ध्र जनासम्म स्वयंसेवक परिचालन गरी काममा लगाउन सक्नेछ। स्वयंसेवकलाई काम गरेको दिनको लागि खाजा खाना बापत प्रतिदिन प्रतिव्यक्ति एक हजार रुपैयाँ उपलब्ध गराइनेछ।

"तर यसरी स्वयंसेवक परिचालन गर्दा स्वीकृत लागत अनुमानमा उल्लेख भएको भन्दा बढी संख्यामा स्वयंसेवक परिचालन गरिने छैन।"

(९)जिल्ला प्रतियोगिताको लागि प्रत्येक जिल्लालाई आफ्नो जिल्लाको खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम औचित्य र सम्भाव्यताका आधारमा समितिले निर्णय गर्नेछ।

(१०) प्रदेश प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, अफिसियल, निर्णायक तथा व्यवस्थापकलाई स्पोर्टस किट्स प्रतिव्यक्ती दश हजार रुपैयाँका दरले नबढ्ने गरी उपलब्ध गराइनेछ। खेलाडीलाई पोशाक सहितको झोला वा सो बराबरको नगद प्रदान गर्ने सम्बन्धमा समितिले निर्णय गर्नेछ।

(११)निर्णायकलाई प्रतिव्यक्ति एक हजार रुपैयाँले नबढ्ने गरी जर्सी उपलब्ध गराइनेछ।

(१२) प्रदेश प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने व्यक्तिगत इभेन्टका खेलाडीलाई क्रमश पाँच हजार, चार हजार र तीन हजार तथा टिम गेम्सका स्वर्ण र रजत पदक प्राप्त गर्ने खेलाडीलाई जनही क्रमशः पाँच हजार र चार हजार रुपैयाँका दरले पुरस्कार उपलब्ध गराइनेछ। प्रत्येक खेलका प्रत्येक दिनका म्यान अफ दि म्याच खेलाडीलाई ट्रफी तथा प्रत्येक खेलका उत्कृष्ट खेलाडी (वेस्ट प्लेयर)लाई जनही बीस हजार रुपैयाँ पुरस्कार उपलब्ध गराइनेछ।

(१३) परिषद्का सदस्य तथा समितिका सदस्यलाई पोशाकमा एकरूपता ल्याउनका लागि पुरुषको हकमा दौरा, सुरूवाल, कोट तथा महिलाको हकमा साडी, ब्लाउज र कोटको लागि जनही दश हजार रुपैयाँ नबढने गरी रकम उपलब्ध गराईनेछ।

## परिच्छेद- ६
## विविध

२२. सम्झौता गर्न सक्ने: प्रतियोगितामा व्यक्ति, निजी कम्पनी, व्यवसायिक संघ संस्था तथा सार्वजनिक कायले समितिसँग सम्झौता गरी विज्ञापन गर्न सक्नेछ।

२३. लोगो र मस्कट छनोट गर्ने: प्रतियोगिताको स्वरूप हेरी समितिले प्रतीक चिन्ह (लोगो) र मस्कट छनोट गर्नेछ।

२४. <u>प्रतियोगितामा सहभागी हुन पाउने:</u> खेलाडीहरूले अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराम भरी प्रतियोगिता आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन्।

२५. <u>खेलाडीको बीमा गरिने:</u> प्रतियोगितामा सहभागी खेलाडीको प्रचलित कानून अनुसार दुर्घटना बीमा गराइनेछ।

२६. <u>शपथग्रहण:</u> प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकले अनुसूची-२ बमोजिम शपथग्रहण गर्नु पर्नेछ।

२७. <u>आचारसंहिता:</u> प्रतियोगिता अवधिभर सहभागी खेलाडी, आचरण एवं अनुशासनमा रहे वा नरहेको हेर्ने जिम्मेवारी जिल्लाबाट प्रदेशमा सहभागी हुँदा सम्बन्धित जिल्लाको टोली नेता, व्यवस्थापक तथा अफिसियलमा रहनेछ। जिल्ला तथा प्रदेश प्रतियोगिताको मर्यादामा आघात पुने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीमाथि आयोजक समिति र सम्बन्धित संघले कसुर अनुसारको कारबाही गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ र तत्सम्बन्धमा परिषद्को निर्णय अन्तिम हुनेछ।

२८. <u>प्रतियोगिताबाट अलग हुन नपाउने:</u> जिल्ला तथा प्रदेश प्रतियोगितामा सहभागी टिम एवं खेलाडी प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन्। तर विशेष कारणवश आयोजकको पूर्व स्वीकृति लिई प्रतियोगिताबाट अलग हुन सक्नेछन् ।

२९. <u>प्रदेशको खेलाडी हुनु पर्ने:</u> प्रदेश प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेका तथा राष्ट्रिय प्रतियोगिताका लागि छनोटमा परेका खेलाडीले दशौं राष्ट्रिय प्रतियोगितासम्म परिषद्को स्वीकृति विना अन्य प्रदेश तथा विभागीय टोलीको प्रतिनिधित्व गरी खेल खेल्न पाउने छैन। यदि त्यस्तो गरेको पाईएमा सम्बन्धित खेलाडीले प्राप्त गरेको सम्पूर्ण सुविधा कटौती गरिनेछ।

३०. <u>प्रतियोगिता स्थगितको अवस्था:</u> मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल स्थगित भएमा सो प्रतियोगिता प्रदेश खेलकुद विकास परिषद् तथा सम्बन्धित खेल संघसँग समन्वय गरी आयोजक समितिको निर्णय बमोजिम हुनेछ ।

३१. <u>दाबी विरोध गर्न सक्ने:</u> खेल अवधिमा कुनै टिमका व्यक्तिगत तथा टिम प्रतिस्पर्धामा सहभागी भएका खेलाडी उपर कुनै विवाद उत्पन्न भएमा निज उपर सम्बन्धित सरोकारवाला टिमको तर्फबाट पाँच हजार रुपैयाँ शुल्क सहित आयोजक समक्ष दाबी विरोध पेश गर्न सक्नेछन्। दाबी विरोध परेमा सम्बन्धित खेलको प्राविधिक समितिले नियमानुसार आवश्यक छानबिन गरी निर्णय दिनुपर्ने छ र सो निर्णय नै अन्तिम हुनेछ।

३२. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै समस्या आई परेमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१
(दफा ९ र २४ सँग सम्बन्धित)

## प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश, हेटौंडा

.........प्रदेश............जिल्ला........... न.पा./गा.पा.

### तेस्रो बागमती प्रदेश खेलकुद, २०८२

### खेलाडी दर्ता फाराम

| हालसालै खिचिएको पासपोर्ट साइजको फोटो |
|---|

खेलाडी दर्ता नं: ............................................ दर्ता मिति: ....................................
खेलाडीको नाम: ............................................ तह: ...............................
तहगत वर्ष: ............................................ रोल नं: ...............................
तौल समूह: ....................................
अध्ययनरत संस्थाको नाम: ................................ खेलको नाम: .......................................
ईभेन्टस्: ............................................ खेल शुरु गरेको मिति: ...............................
प्रशिक्षक/भोलिन्टियर प्रशिक्षकको नाम: ...........................................................................
प्रशिक्षणस्थल: .......................................................................................................
हालसम्म सहभागी भएको प्रतियोगिताको नाम:
१................................................ २................................................
३................................................ ४................................................
महिला/ पुरुष: .............. उचाई: .............. तौल: .................... जन्म मिति: ...............................
नागरिकता नं: .................................... राष्ट्रिय परिचय पत्र नं: ............................................
स्थायी ठेगाना: न.पा./गा.पा:.............................. वडा नं: .......... जिल्ला: ...............................
प्रदेश:........................ फोन न: ............................ मो.न: ..............................................
बाबुको नाम: ................................ आमाको नाम: .................................... पेशा:........................

प्रदेश खेलकुद विकास ऐन, २०७५ र प्रदेश खेलकुद विकास नियमावली, २०७६ तथा परिषदको नीति तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्दै म सहभागी हुने जुनसुकै प्रशिक्षण तथा प्रतियोगितामा खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित भई खेल खेल्ने प्रतिज्ञा गर्दछु। खेलकुदको मर्म र आदर्श प्रतिकुल हुने गरी मैले कुनै पनि क्रियाकलाप गरेमा प्रदेश खेलकुद विकास परिषद्ले तोकेको दण्ड/सजाय एवं कारवाही भोग्न मन्जुर छु । प्रशिक्षण तथा प्रतियोगिताको समयमा कुनै दुर्घटना भएमा म स्वयं जिम्मेवार हुनेछु । माथि लेखिएको सम्पूर्ण व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरिएमा नियम कानून बमोजिम सहुँला बुझाउँला। साथै यस प्रतियोगितामा सहभागी भईसके पछि अन्य प्रदेश वा विभागीय टीमको प्रतिनिधित्व गरी खेल खेल्ने छैन, यदि त्यसो गरेमा परिषदबाट हुने कारवाही भोग्न मञ्जुर छु ।

खेलाडीको हस्ताक्षर..........................

प्रमाणित गर्ने सम्वन्धित निकायका अधिकारीको :

नाम:...........................................................
पद:.............................................................
दस्तखत:.......................................................

मिति:.............................................. सम्वन्धित निकायको छाप

अनुसूची-२

(दफा २६ सँग सम्बन्धित)

प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश, हेटौंडा

**खेलाडी तथा निर्णायकका लागि शपथको व्यहोरा**

(क) खेलाडीका लागि

म सम्पूर्ण खेलाडीको तर्फबाट यस ---------------------खेलका सम्पूर्ण नियमको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

(ख) निर्णायकका लागि

म सम्पूर्ण निर्णायकको तर्फबाट यस --------------खेलका सम्पूर्ण नियम् पालना गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा अनुरुप खेल निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु।

खेलाडीको तर्फबाटः
नाम,थरः...............................
ठेगानाः...............................
सम्पर्क नं.:...............................

निर्णायकको तर्फबाटः
नाम,थरः...............................
ठेगानाः...............................
सम्पर्क नं.:...............................

गीता कुमारी होमेगाई
प्रदेश सचिव

माननीय उर्मिला नेपाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बागमती प्रदेश